"कृषि, पर्यटन र व्यापार, समृद्ध नमोबुद्धको आधार"

# नमोबुद्ध नगरपालिका

नमोबुद्ध नगरपालिका

ན་མོ་བུདྡྷ་ ན་གར་པ་ལི་ཀ

## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्याः २०८२/०८३

चलानी नं.:

मितिः २०८२/०६/०२

नेसं.: ११४५ यँलागा

सूचना।  सूचना।।  सूचना।।।

विषयः- जापानी भाषा कक्षामा भर्नाको लागि दरखास्त आह्वान गरिएको।

प्रकाशित मिति २०८२/०६/०२

जापानी नविनतम प्रबिधि सिक्न र सो प्रबिधी नेपालमा भित्र्याई उद्यमशीलता एवं व्यवसाय समेत संचालन गर्ने उद्देश्यले नमोबुद्ध नगरपालिका र जापानको रिनोकिनो कम्पनीसंग भएको सम्झौता बमोजिम नमोबुद्ध नगरपालिका र रिनोकिनो कम्पनी जापानको सहकार्यमा जापानी भाषा प्रशिक्षण कक्षा संचालन गर्न लागिएको हुँदा तपशिल बमोजिमका योग्यता भएका शर्त पालना गर्न प्रतिबद्ध व्यक्तिहरुलाई जापानी भाषा कक्षा(N-4 Level सम्मको) मा भर्ना सूचना प्रकाशन भएको मितिले ४ दिन (अर्थात मिति २०८२/०६/०२ देखि २०८२/०६/०६ गतेसम्म)भित्र निवेदन दिन दरखास्त आह्वान गरिएको छ।भाषा प्रशिक्षण कक्षामा छनौट हुने व्यक्तिहरुलाई जापानी भाषा (N-4 Level)र अन्य आवश्यक सीप समेत सिकाइने छ।तोकिए बमोजिमको सीप परीक्षणमा उत्तीर्ण हुने प्रशिक्षार्थीहरुलाई पाँच बर्षको लागि जापान पठाउन आवश्यक पहल गरिने व्यहोरा समेत जानकारी गराइन्छ।इच्छुक तथा योग्यता भएका व्यक्तिहरुले तपशिल विधामा दरखास्त पेश गर्न सकिने छ।

तपशिल

१ आवश्यक प्रशिक्षार्थी संख्या नर्सिङ केयर २५ जना,

२ नमोबुद्ध नगरपालिका भित्र स्थाई बसोबास गर्ने २० वर्ष पूरा भई ३५ वर्ष ननाघेको(२०-३०वर्ष उमेर समुह प्राथमिकता)

. ५ फिट उचाई भएका महिला तथा पुरुष, (महिलालाई विशेष प्राथमिकता)

३ न्युनतम एस एल सी वा सो सरह उत्तीर्ण नर्सिङ केयरमा रुची भएका,

४ नेपाली भाषाको अतिरिक्त अंग्रेजी भाषाको समेत ज्ञान भएको,

५सामाजिक रुपले पछाडी परेका वा अल्पसंख्यक समुदायबाट आएकालाई प्राथमिकता दिईने,

अन्य सर्तहरु

. जापानी भाषाकालागि नर्सिङ केयरको लागि निवेदन पेश गर्दा एक पृष्ठको निबन्ध नेपाली तथा अंग्रेजी भाषामा लेखी पेश गर्नुपर्नेछ।

.दैनिक ४ घण्टा हप्तामा ६ दिन कक्षामा अनिवार्य उपस्थित हुनुपर्नेछ।(छनौट परीक्षा मिति २०८२/०६/०७ गते हुनेछ)

.भाषा प्रशिक्षण कक्षा ७ महिना संचालन हुनेछ।

.भाषा कक्षामा छनौट भई समावेश हुने प्रशिक्षार्थीहरुले मासिक रु ४०००(चार हजार)र पुस्तकका लागि एकमुष्ट ४००० (चार हजार)शुल्क कक्षा सुरु हुने समयमा नै बुझाउनु पर्नेछ।. प्रशिक्षार्थीहरुले आफुलाई आवश्यक स्टेसनरी वा पुस्तकहरु आफै खरिद गर्नुपर्नेछ।

.JFT,Skill Test, Documentation लागायतमा लाग्ने शुल्क प्रशिक्षार्थीहरु आफैले व्यहोर्नुपर्नेछ।

.कुनै पनि गैर अनुशासित वा अवांछित क्रियाकलापमा संलग्न भएमा तालिमबाट निष्कासन गरिनेछ।

. जापानी भाषाका कक्षामा संलग्न हुने बिद्यार्थीको छनौट अन्तर्वार्ता,लेखाई सीपका आधारमा गरिने छ।छनौट गर्न जापानी प्रतिनिधी नै रहनेछन।

.जापानी भाषा (N-4 Level)र आवश्यक सीप सिकाई तोकिएको सीप परीक्षणबाट उत्तीर्ण भएका भएका प्रशिक्षार्थीहरुलाई निर्दिष्ट सीप अन्तर्गत कार्य (SSW,Specified Skill Worker)गर्ने गरी ५ वर्ष कार्यकाल रहने गरि जापान पठाउन आवश्यक पहल गरिनेछ।साथै जापानिज भाषा र सम्बन्धित Skill Test परीक्षामा उत्तीर्ण भई जापानबाट लिईने अन्तर्वार्ताबाट समेत सफल हुने प्रशिक्षार्थीहरुलाई थप सीप तथा व्यवहारिक ज्ञान अभिबृद्धि गराउने सम्बन्धमा आवश्यक व्यबस्था समेत गरिनेछ।

.पुनश्चः-आवेदनपत्र नगरपालिकाको वेबसाइड र नगरपालिकाबाट समेत प्राप्त गर्न सकिने छ।आवेदनासाथ नागरिकता प्रमाणपत्रको प्रतिलिपी,आवश्यक शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपी र एकप्रति पासपोर्ट साइजको फोटो राखी नगरपालिकामा पेश गर्नुपर्नेछ।

२०८२/६/२

(दिल भक्त जयना)

नि. प्रमुख प्रशासकीय अधिकृत